आलिताल गाउँ कार्यपालिकाबाट स्वीकृत मिति

# आलिताल गाउँ कार्यपालिकाको आर्थिक सहायता तथा राहत बितरण कार्यलाई व्यवस्थित तथा नियमित गर्न बनेको कार्यविधी, २०७४

आलिताल गाउँपालिका

डडेल्धुरा

७ नं. प्रदेश, नेपाल

**प्रस्तावना :** गाउँपालिका भित्रका गरिब, विपन्न, आर्थिक अवस्था कमजोर भएका जनताको जीवनस्तरमा सुधारमा ल्याउन, अप्ठेरो परेको अवस्थामा सरकारको उपस्थित भएको अनुभव दिलाउन तथा योजना छनोट प्रक्रियामा समावेश हुन नसकेका वा सम्बोधन हुन नसकेका योजना तथा कार्यक्रमहरुलाई सम्बोधन गरी गाउँपालिका भित्रका जनताको जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउन राहत वितरण तथा आर्थिक सहायता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न यो कार्यविधि जारी गरिएको हो ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "आलिताल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधी, २०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

१) "गाउँपालिका" भन्नाले आलिताल गाउँपालिका सम्झनुपर्छ ।

२) "कार्यपालिका" भन्नाले आलिताल कार्यपालिका सम्झनुपर्छ ।

३) "कोष" भन्नाले आलिताल गाउँ कार्यपालिकाको आर्थिक सहायता तथा राहत बितरण कार्यका लागि खडा गरिएको अन्य सामाजिक सहायता/राहत कोष नामक खर्च शीर्षक सम्झनुपर्छ ।

४) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्ष र सो शब्दले वडा अध्यक्ष समेतलाई बुझाउनेछ ।

५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको प्रशासनिक काम गर्न तोकेको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

६) "सचिव" भन्नाले वडा कार्यालयको प्रमुख प्रशासकीय व्यक्ति सम्झनुपर्छ ।

७) "बैठक" भन्नाले गाउँ कार्यपालिकाको बैठक सम्झनुपर्छ ।

८) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय र सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउनेछ ।

९) "जटिल रोग" भन्नाले मुटु, कलेजो, मृगौला, फोक्सो सम्बन्धी गम्भीर समस्या भएको र सो शब्दले क्यान्सर, पक्षघात आदि समेतलाई जनाउनेछ ।

१०) मेडिकल प्रेसक्रिप्सन भन्नाले मान्यता प्राप्त मेडिकल/अस्पतालले विरामी भएको प्रमाणित गर्ने कागजातलाई बुझाउँछ ।

११) "विशेष अवस्था" भन्नाले गाउँपालिका भित्रका अति आवश्यक योजना, कार्यक्रमहरुलाई जनाउँछ ।

१२) "विपद" प्राकृतिक तथा मानवीय घटनाका कारण हुने बाढी, पहिरो, आगलागी, भूकम्प आदिलाई जनाउँछ ।

**३. कार्यविधिको उद्देश्य :**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

१) गाउँपालिका भित्रका जनतालाई स्थानीय सरकारको अनुभूति दिलाउनु,

२) गरीब जनतालाई गम्भीर रोगबाट उन्मुक्ति दिन आर्थिक सहयोग दिनु,

३) गाउँपालिकाभित्रका आकस्मिक रुपमा आइपर्ने समस्याहरु हल गर्नु आदि ।

**४. कार्यविधिको कार्यक्षेत्र :**

स्थानीय तहलाई प्राप्त हुने निःशर्त अनुदान, स्थानीय तहको आन्तरिक आयलाई परिचालन एवम्
व्यवस्थापन गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ ।
तर, संघ , प्रदेश, अन्य तह, विकास साझेदार, राष्ट्रिय- अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा विकास
समिति आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि सम्बन्धित निकायसँग भएको सम्झौता बमोजिम
कार्यक्रम वा आयोजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुऱ्याएको मानिने
छैन । त्यस्ता कार्यक्रम वा आयोजनाको हकमा योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन,

अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण, उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरू यसै कार्यविधि बमोजिम हुनेछ ।

. ५. जटिल रोग अन्तर्गत देहाय बमोजिमका गम्भीर रोगहरुलाई समावेश गरिएको छ ।

मुटु रोगी

मृगौला सम्बन्धी रोग

क्यान्सर

प्यारालाईसिस

६.. तपसिल बमोजिमका अवस्थामा पनि राहत प्रदान गर्न सकिनेछ :

क) अति विपन्न/गरिब परिवारका व्यक्तिलाई कुनै घटनाका कारण चोटपटक लागि आर्थिक अवस्थाले उपचार गर्न असमर्थ भएमा,

ख) आगलागि भई मानवीय तथा भौतिक क्षति भएको अवस्थामा,

ग) गाउँपालिका क्षेत्रभित्रका कुनै स्थानमा कुनै योजना, कार्यक्रम माग भई आएमा,

घ) धार्मिक संस्कृतिको जगेर्ना गर्ने कार्यक्रम,

ङ) शैक्षिक तथा अन्य आवश्यक क्षेत्रमा ।

## राहत रकम सम्बन्धी मापदण्ड

७. गम्भीर रोग लागेका व्यक्तिले अनुसूची-३ बमोजिको निवेदन दिएमा रोगीको आर्थिक अवस्थाका आधारमा ५ हजार रुपैया देखि ३५ हजार रुपैया प्रदान गर्न सकिनेछ ।

योजना तथा कार्यक्रम मागका लागि अनुसूची .. बमोमिका कागजात र अनुसूची ... बमोजिमको प्रकृया अनुसूची ..बमोजिम निवेदन दिएमा बैठकले उपयुक्त रकम दिन सक्नेछ ।

८. शैक्षिक क्षेत्रमा उत्कृष्ट विद्यार्थीलाई प्रोत्साहन स्वरुप २० हजार रुपैयासम्म प्रदान गर्न सकिनेछ ।

९. पेश गर्नुपर्ने कागजातहरु : राहत रकम माग गर्न अनुसूची-१ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

१०. प्रकृया : राहत प्राप्त गर्न अनुसूची-२ बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

११ बैठकको निर्णय : दफा ~~१४~~ र ~~१५~~ बमोजिम गाउँ कार्यपालिका बैठकमा पेश हुन आएका निवेदन उपर बैठकले दफा ~~१२~~, ~~१३~~, ..................बमोजिम निर्णय गर्न सक्नेछ ।

१२. भुक्तानी : दफा ~~१६~~ बमोजिमको निर्णय कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृत बाध्य हुनेछ ।

१३. जवाफदेहिता : दफा ~~१६~~ बमोजिम भए गरेका कार्यहरुको पूर्ण जिम्मेवारी तथा जवाफदेहिता गाउँ कार्यपालिकामा रहनेछ ।

## परिच्छेद-

## राहत कोषको लेखासम्बन्धी व्यवस्था

१४.**लेखा शीर्षक** : पूजीगत बाहेक चालू प्रकृतिका कार्यहरुमा समेत खर्च गरिने भएतापनि यसलाई पूजीगत शीर्षकमा राखिएको छ ।

१५. **लेखाप्रणाली** : लेखाका प्रचलित मापदण्ड बमोजिम नै यसको लेखाप्रणाली सञ्चालन गरिने छ ।

१६. **आन्तरिक नियन्त्रण प्रणाली** : लेखाका प्रचलित मापदण्ड बमोजिम नै यसको लेखाप्रणाली सञ्चालन गरिने छ ।

१७. **लेखापरीक्षण** : लेखाका प्रचलित मापदण्ड बमोजिम नै यसको लेखाप्रणाली सञ्चालन गरिने छ ।

## परिच्छेद ...
## विविध

१८. **व्याख्या** : यस कार्यविधिमा कुनै अस्पष्टता वा द्विविधा भएमा सो सम्वन्धमा व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

१९. **परिमार्जन वा संशोधन** : यस कार्यबिधिमा गाउँ कार्यपालिका बैठकले आवश्यकता अनुसार परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

२०. **खारेजी र बचाउ** : १) संघीय सरकार, प्रदेश सरकार वा गाउँ कार्यपालिकाले आर्थिक सहायता तथा राहत वितरण कार्य सम्वन्धी ऐन, नियम, कार्यविधि नवनाएसम्म यो कायम रहनेछ ।

२) यो कार्यविधी लागू हुनुभन्दा अघि आर्थिक सहायता/राहत वितरण सम्वन्धी भए गरेका कार्य यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछन ।

आलिताल गाउँ कार्यपालिकाबाट स्वीकृत मिति

## अनुसूची - १

(दफा....... सँग सम्बन्धित)

१) आर्थिक रुपले कमजोर /विपन्न व्यक्ति रहेको वडा कार्यालयबाट सिफारिशपत्र ।

२) वडा कार्यालयले आर्थिक रुपले विपन्न भएको भनी सिफारिश दिँदा आवश्यकता अनुसार सर्जमिन मुचुल्का लिन सक्ने ।

३) आर्थिक रुपले विपन्न रहेको सिफारिश मनासिव नदेखिँएमा त्यसको जिम्मेवारी सो सिफारिश दिने वडा समितिको कार्यालयले लिनुपर्ने ।

४) आर्थिक रुपले सम्पन्न व्यक्तिलाई पनि गलत मनसायले वडा समितिको कार्यालयले सिफारिश गरेमा सो रकम वडा सचिव/वडा अध्यक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिने

५) नेपाली नागरिकताको प्रतिलिपी १ थान

६) रोग खुल्ने मेडिकल कागजातहरु

७) सम्वन्धित वडा कार्यालयको सिफारिश

८) गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिने

९) गाउँ कार्यपालिका वैठकले निर्णय गरे बमोजिम वा कार्यपालिकाले अधिकार प्रत्यायोजन गरेको भए सोही बमोजिम हुने

१०) वैठकको निर्णय वमोजिम गाउँ कार्यपालिकाको कार्यालयले सम्बन्धित व्यक्तिलाई रकम भुक्तानी दिने

## अनुसूची २

(पेश गर्नुपर्ने कागजातहरु)

१) जटिल रोग लागेको व्यक्ति आलिताल बाँसी भएको पहिचान खुल्ने कागजात

२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

३) जटिल रोग भएको खुल्ने मेडिकल कागजातहरु

४) आर्थिक रुपले विपन्न भएको भनी वडा समितिको कार्यालयको सिफारिशपत्र

५) आर्थिक सहायतका लागि उपयुक्त छ भन्ने व्यहोरा खुलेको वडा समितिको कार्यालयको सिफारिश

६) गाउँ कार्यपालिकामा निवेदन दिने

**निवेदनको ढाँचा**